# माछापुच्छ्रे बैंक लिमिटेडको
## चौबीसौं वार्षिक साधारण सभाको कामकारवाहीको विवरण (माइन्यूट)

### १. वैधानिक सभा :

माछापुच्छ्रे बैंक लिमिटेडको मिति २०७९/०९/०७ गते बसेको सञ्चालक समितिको ४७४ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ तथा बैंकको प्रबन्ध-पत्र र नियमावली बमोजिम बैंकको चौबीसौं वार्षिक साधारण सभा बैंकका सञ्चालक समितिका अध्यक्ष डा. उपेन्द्र महतोज्यूको सभापतित्वमा देहाय बमोजिम सम्पन्न भयो ।

### २. सभाको मिति, स्थान र समय :

**मिति** : मिति २०७९/०९/२९ गते शुक्रबार, (तदनुसार ई.सं. १३ जनवरी, २०२३)
**समय** : बिहान ११:०० बजे ।
**स्थान** : सभामण्डप, आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं ।

### ३. उपस्थिति :

**सञ्चालकहरुको उपस्थिति :**

(क) डा. उपेन्द्र महतो - अध्यक्ष
(ख) श्री रोशन के.सी. - सञ्चालक
(ग) श्री मुकुन्द महत - सञ्चालक/लेखापरीक्षण समितिका संयोजक
(घ) श्री जय मुकुन्द खनाल - सञ्चालक
(ङ) श्री विश्व प्रकाश गौतम - सञ्चालक
(च) श्री हरिभक्त सिग्देल - सञ्चालक
(छ) श्री बन्दना कार्की - सञ्चालक

**व्यवस्थापनका पदाधिकारीहरुको उपस्थिति :**

(क) श्री सन्तोष कोईराला - प्रमुख कार्यकारी अधिकृत
(ख) श्री सर्जु कुमार थापा - नायब प्रमुख कार्यकारी अधिकृत
(ग) श्री विश्वम्भर न्यौपाने - नायब प्रमुख कार्यकारी अधिकृत (संचालन)
(घ) श्री प्रसिद्ध राज अर्याल - नायब महाप्रबन्धक
(ङ) श्री सुभाष जमरकटेल - सहायक महाप्रबन्धक व्यवसाय/कम्पनी सचिव
(च) श्री खगेन्द्र पौडेल - नायब प्रमुख, वित्त तथा योजना विभाग
(छ) श्री सुरेन्द्र पाठक - प्रमुख आन्तरिक लेखापरीक्षण विभाग

**आमन्त्रितहरूको उपस्थिति :**

(क) अमन उप्रेती - एस.ए.आर. एशोसिएट्स, लेखापरीक्षक
(ख) श्री बालकृष्ण ढकाल - कानूनी सल्लाहकार

**शेयरधनीहरुको उपस्थिति :**

| | | | |
|---|---|---|---|
| (क) | स्वयं उपस्थित | - | ६३२ जना |
| (ख) | प्रतिनिधिपत्रद्वारा उपस्थित | - | ३१ जना |
| | **जम्मा उपस्थिती** | - | **६६३ जना** |

## ४. सभाको सुचना :

चौबीसौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना तथा सञ्चालक समितिको प्रतिवेदन, आ.ब. २०७८/७९ को वार्षिक आर्थिक विवरण लगायतका आवश्यक सम्पूर्ण विवरणहरु सहितको वार्षिक प्रतिवेदन तथा सभामा छलफल गरिने विषयहरु शेयरधनीहरुले बैंकलाई उपलब्ध गराउनु भएको ठेगानामा पठाउनुका साथै संक्षिप्त आर्थिक विवरण सहितको वार्षिक साधारण सभाको सूचना मिति २०७९ पौष ८ गतेको अन्नपूर्ण पोष्टमा र पौष १४ गतेको नयाँ पत्रिकामा प्रकाशित गरिएको थियो भने पोखराबाट प्रकाशित हुने आदर्श समाजमा पौष २१ गते प्रकाशित गर्नुका साथै बैंकको वेबसाईट www.machbank.com मा समेत राखी शेयरधनी महानुभावहरुलाई सार्वजनिक रुपले सूचित गरिएको थियो । साथै, साधारण सभाको सूचना तथा सञ्चालक समितिको प्रतिवेदन सहितको विस्तृत वार्षिक प्रतिवेदन उपलब्ध भएसम्म शेयरधनीहरुको ईमेल ठेगानामा समेत पठाईएको थियो ।

## ५. सभामा भएका छलफलका विषयहरु :

### क. सामान्य प्रस्ताव :

१. आर्थिक वर्ष २०७८/७९ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड तथा नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने ।
३. यस बैंकको सहायक कम्पनी माछापुच्छ्रे क्यापिटल लिमिटेडको आ.व २०७८/७९ को वित्तीय विवरण सहितको बैंकको एकीकृत वित्तिय विवरण (Consolidated Financial Statement) छलफल गरी पारित गर्ने ।
४. आर्थिक वर्ष २०७९/८० को लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (हाल बहालवाला लेखापरीक्षक एस.ए.आर. एशोसिएट्स्, कम्पनी ऐन, २०६३ को दफा १११(३) तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३(३) बमोजिम पुनः नियुक्ती हुन योग्य हुनुहुन्छ)
५. सञ्चालक समितिमा रिक्त रहेको सञ्चालक पदमा सञ्चालक समितिले साविक सञ्चालकको बाँकी कार्यकालसम्मको लागि गरेको सञ्चालकको नियुक्ती अनुमोदन गर्ने ।
६. संस्थापक समूहका शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

### ख. विशेष प्रस्ताव :

१. माछापुच्छ्रे बैंक लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था(हरु) एक आपसमा गाभ्न/गाभिन (मर्जर गर्न वा प्राप्ती (एक्विजसन) गर्न) तथा बैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कनको लागि मूल्याङ्कनकर्ता नियुक्ती गर्न, गाभ्ने गाभिने वा प्राप्ती गर्ने सम्बन्धी सम्झौता गर्न, बैदेशिक साझेदारीमा जाने सम्बन्धी निर्णय गर्न तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडी बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

### ग. बिविध । (विविध अन्तर्गत केही विषय नभएको)



Machhapuchchhre Bank Ltd. Head Office

## ६. गणपुरक संख्या, सभाको वैधानिकता :

| कुल शेयरधनीको संख्या | जम्मा उपस्थित संख्या (स्वयं तथा प्रतिनिधिपत्रद्वारा) | जम्मा सेयरको प्रतिनिधित्व (संख्यामा) | बाँडफाँड भएको सेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| ५४,६७६ (क र ख समुह) | ६६३ (स्वयं ६३२ जना र प्रतिनिधिपत्रद्धारा ३१ जना) | ५९,५१०,४४८ | ५८.०१% |

कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम शेयरधनीहरुलाई सभा सम्बन्धी सूचना दिइएको तथा कम्पनी ऐनको दफा ७३(२) तथा बैंकको नियमावलीमा उल्लेख भए बमोजिम सभामा पचास प्रतिशतभन्दा बढी अर्थात ५८.०१% प्रतिशत सेयरको प्रतिनिधित्व भएको हुँदा सभाको लागि आवश्यक गणपूरक संख्या पुगेकोले सभा संचालन गर्न कानून बमोजिम रित पुगी कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभा संचालन गर्न वैधानिक रहेको व्यहोरा शेयरधनी महानुभावहरुलाई अवगत गराएपछि सभाको कार्यक्रम शुरु भयो ।

## ७. सभाको सभापतित्व र सभा संचालन :

साधारण सभाको अध्यक्षता/सभापतित्व गरिदिन कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा १ एवं बैंकको नियमावलीको नियम ६ को उपनियम (१) अनुरुप सञ्चालक समितिका अध्यक्ष डा. उपेन्द्र महतोज्यूलाई अनुरोध गर्नु भयो र बैंकको सञ्चालक समितिका अध्यक्षज्यूले सभाको सभापतित्व गर्नु भयो । प्रचलित कानूनको पालना भएको हुँदा सभाका सभापतिज्यूको अनुमतीले वार्षिक साधारण सभाको काम कारवाही अगाडि बढ्यो ।

## ८. सञ्चालक श्री जय मुकुन्द खनालज्यूबाट स्वागत मन्तव्य :

बैंकका सञ्चालक श्री जय मुकुन्द खनालज्यूले बैंकको यस चौबीसौं वार्षिक साधारण सभामा सहभागी हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरु, आमन्त्रित अथिति महानुभावहरुलाई बैंक तथा सञ्चालक समितिको तर्फबाट हार्दिक स्वागत अभिवादन गर्नु भयो ।

पहिलो पटक बैंकको प्रधान कार्यालय भएको ठेगाना काठमाडौंमा वार्षिक साधारण सभा संचालन गर्न पाउनु हामी सबैका लागी खुसीको क्षण भएको बिचार व्यक्त गर्नु भयो । यस अघिका साधारण सभाहरुमा सम्वोधन गर्नहुने शेयरधनी महानुभावहरुले काठमाडौंमा पनि वार्षिक साधारण सभा गर्नुपर्ने राय राख्दै आउनुभएको हुँदा उक्त रायको उचित सम्मान गर्दै शेयरधनीहरुको सहयोग र साथमा चौबीसौं वार्षिक साधारण सभा काठमाडौंमा सम्पन्न गर्न पाउनु एक ऐतिहासिक अवसर बन्न गएको धारणा व्यक्त गर्नु भयो ।

कोभिड १९ को माहामारी पश्चात् देशको समग्र अर्थतन्त्र खलबलिएको र यस महामारीबाट बैकिङ्ग उद्योग अछुतो नरहेता पनि गत आर्थिक बर्षमा हाम्रो बैंकले सन्तोषजनक वित्तिय परिणाम हासिल गरेका र बैंकको निक्षेप अघिल्लो बर्षको तुलनामा ११.६१ प्रतिशतले वृद्धि हुन गई रु.१५० अर्ब १० करेड पुग्न गएको तथा समिक्षा बर्ष भर कर्जा लगानी अघिल्लो बर्षको तुलनामा ११.८५ प्रतिशतका दरले बृद्धि भई रु.१३१ अर्ब २७ करोड पुगेको बताउनु भयो ।

देशले कोभिड १९ को माहामारीबाट त्राण पाइसकेको भएता पनि सो माहामारीबाट खलबलिएको अर्थतन्त्रले आफ्नो साबिकको लय प्राप्त गर्न केही समय लाग्छ नै, यति हुदाँहुदै पनि हाम्रो बैंकको कार्य सम्पादन क्रमश: सकारात्मक दिशा तर्फ उन्मुख हुँदै गएको बिचार व्यक्त गर्नुभयो ।

यस बिचमा बैंकले डिजिटल प्रविधिको माध्यमबाट बैकिङ्ग सेवा स्मार्ट बनाउने लक्ष्य लिएर ग्राहकको चाहाना र आवश्यकतालाई दृष्टिगत गरी अत्याधुनिक एवम् नविनतम प्रविधिको मद्दतबाट बैकिङ्ग सेवाहरु निरन्तर प्रवाह गर्दै आइरहेकोछ । अत्याधुनिक प्रविधि संगसंगै भित्रिन सक्ने जोखिम पहिचान गरी सोको यथोचित निराकरण गर्न बैंक व्यवस्थापनलाई त्यतिकै सर्तक, सजग र सबल बनाइएको छ । बैंकको जनशक्तिलाई थप प्रतिस्पर्धी, मितव्ययी एवम् सक्षम तुल्याउन अनुसन्धान र बिकासमा लगानी बढाउँदै जाने नीतिलाई सञ्चालक समितिले आत्मसात् गर्दै सेवाग्रहीको उच्चतम सन्तुष्टिलाई बैंकले प्रमुख ध्येय बनाएको जानकारी आदरणीय शेयरधनी समक्ष व्यक्त गर्नु भयो ।

बैंकले संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु विगत देखिनै उच्च महत्वका साथ सम्पन्न गर्दै आइरहेकोछ । समिक्षा वर्षमा शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र बाँसबारी काठमाडौंमा सि सि यू वार्ड निर्माण गरी सो केन्द्रलाई हस्तान्तरण गर्न सक्नु गौरबको विषय बनेकोछ । यस प्रकारका सामाजिक उत्तरदायित्व कार्यहरुबाट प्रत्यक्ष रुपमा बैंकको पक्षमा सामाजिक उत्तरदायित्व निर्वाह गरेको सन्देश प्रसार हुनको अतिरिक्त अप्रत्यक्ष रुपमा बैंकको साख, व्यापार तथा जनसम्पर्क विस्तारमा समेत सकरात्मक प्रभाव पारेको महशुस सञ्चालक समितिले गरेकोछ । उचित ठाउँमा उचित तवरको सामाजिक उत्तरदायित्व निर्वाह गर्ने कार्यक्रमलाई बैंकको आगामी दिनहरुमा समेत बैंकले प्राथमिकतामा राख्ने नीति अवलम्बन गर्ने बिश्वास आदरणीय शेयरधनीलाई दिलाउन चाहान्छु ।

संस्थागत सुशासनलाई बैंकले प्रमुख उद्देश्य मानेकोछ । संस्थागत सुशासन कायम गर्न सकेको अवस्थामा मात्र बैंकले दिगो बिकास गर्न सक्दछ । बैंकका हरेक तहका कर्मचारीलाई संस्थागत सुशासन कायम हुने गरी कार्य सम्पादन गर्न सञ्चालक समितिले बारम्बार निर्देशन गर्दै आएकोछ । संस्थागत सुशासित बैंकले मात्र आफ्नो शेयरधनीहरुलाई मुनासिफ माफिकको प्रतिफल प्रदान गर्न सक्दछ भन्ने विषयमा विद्यमान सञ्चालक समिति दृढ रहेको बिश्वास आदरणीय शेयरधनी महानुभावहरु माझ राख्न राख्दछु ।

वार्षिक साधारण सभाद्वारा निर्दिष्ट परिधि भित्र रही बैंकले बर्षभरीका व्यापारिक क्रियाकलापहरु सञ्चालन गर्नु पर्ने हुनाले आदरणीय शेयरधनीहरुबाट बिगतका बर्षहरुमा झै बैंकको हित हुने सल्लाह सुझाव निर्देशन प्राप्त गर्ने सञ्चालक समिति बिस्वस्त रहेकोछ । यहाँहरुको प्रत्येक राय सुझाव तथा दिगदर्शनबाट बैंकको आगामी दिनका मार्गचित्र तय हुने हुँदा समस्त शेयरधनी महानुभावहरुलाई सक्रियता पूर्वक आजको यस सभामा सहभागीता जनाइदिन आग्रह गर्दै पुनः यस बार्षिक साधारण सभामा हार्दिक स्वागत गर्नु भयो ।

## ९. सभाका सभापतिज्यूबाट मन्तव्य सहित सञ्चालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुती :

सभाको काम कारवाहीलाई अगाडी बढाउने क्रममा सभापति डा. उपेन्द्र महतोज्यूले आफ्नो मन्तव्य सहित बैंकको सञ्चालक समितिको बार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो । सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को नाफा नोक्सान विवरण, नाफा नोक्सान बाँडफाँड, इक्विटीमा भएको परिबर्तनको बिवरण तथा नगद प्रवाह बिवरण लगायत सम्पूर्ण वित्तीय बिवरण, सम्बन्धित अनुसूचीहरु लगायत सभामा छलफलका लागि पेश भएका विषयहरु सभापतिज्यूले सभामा प्रस्तुत गर्नुभयो ।

## १०. वार्षिक प्रतिवेदन तथा प्रस्तावहरुको प्रस्तुती र छलफल :

छलफलको क्रममा भाग लिने निम्न शेयरधनी महानुभावहरुले आ-आफ्नो मन्तव्य, जिज्ञासा एवं सुझावहरु सभा समक्ष राख्नु भयो ।

**१. श्री व्यास कुमार शर्मा**

१. राजधानीमा प्रथम पटक साधारण सभा संचालन गरेकोमा खुसी लागेको ।
२. बैंकका नवनियुक्त अध्यक्ष डा.उपेन्द्र महतोज्यूलाई बधाई तथा शुभकामना ज्ञापन ।
३. बैंकको प्रगती साथै बासलात र निक्षेप पनि राम्रो भएको, रुस युक्रेन युद्ध हुँदाहुँदै र कोभिडबाट प्रभावित भएपनि बैंकको पर्फमेन्स राम्रो रहेको धारण व्यक्त ।
४. यस आर्थिक बर्षको वार्षिक प्रतिवेदन सन्तोषजनक रहेको र आगामी बर्षहरुमा अझ राम्रो प्रगतिको लागि काम गर्नु पर्ने ।
५. आगामी आर्थिक बर्षमा ४०-५० अर्ब पुँजी भएका बैंकसंग प्रतिस्पर्धा गर्नुपर्ने हुँदा पाँच बर्षे योजना तथा रणनीति र लाभांश नीति बनाउनु पर्ने ।
६. बैंकको लाभांश कम्तीमा २० प्रतिशत पुऱ्याउन पर्ने ।

**२. श्री राम गोपाल मर्हजन**

१. संस्थागत सामाजिक उत्तरदायित्व निर्वाहमा गरेका कार्यहरुको प्रशंसा गर्नु भएको ।
२. बैंकको प्रगति राम्रै रहेको भएतापनि EPS अघिल्लो वर्ष भन्दा कम भएको हुँदा सोतर्फ ध्यान दिनुपर्ने ।
३. बैंकले कर्मचारीहरुको संख्यामा भएको वृद्धि संगै कर्मचारीहरुलाई आवश्यक तालिम दिंदै कर्मचारीको कार्य दक्षता तथा गुणस्तर वृद्धिलाई प्राथमिकता दिनुपर्ने ।
४. शाखा बिस्तार सँगै उक्त शाखाहरुको निगरानीमा ध्यान दिनुपर्ने ।
५. मर्जर तथा एक्विजिसन्लाई प्राथमिकता दिनुपर्ने ।
६. आगामी आर्थिक बर्षमा बढी भन्दा बढी लाभांश प्रदान गर्नुपर्ने ।

**३. श्री रोज कुमार श्रेष्ठ**

१. बैंकको पूँची बृद्धिलाई मध्यनजर गर्दै मर्जर तथा एक्विजिसन्मा जानुपर्ने ।
२. बैंकिङ्ग व्यवसाय चुनौतिपूर्ण रहेको बारे जानकारी गराउनु भएको ।
३. निक्षेप, कर्जा र लगानी सबैको अवस्था राम्रो भएको र नाफा पनि राम्रो भएको ।
४. संचालन मुनाफा, कर्जा नोक्सानी व्यवस्था, प्रति शेयर नेटवर्थ खस्केको हुँदा आगामी आर्थिक बर्षमा सुधार गर्नुपर्ने ।

**४. श्री कृष्ण प्रसाद अधिकारी**

१. बैंकले लाभांश वितरण गर्न नसकेकोमा दुःख व्यक्त ।
२. वार्षिक प्रतिवेदन घर दैलोमा पुऱ्याउने पर्ने व्यवस्था गर्नुपर्ने ।
३. बैंकको लोगो सहितको गलबन्दी बितरण गरेको खुसी व्यक्त ।
४. उचित व्यवस्थापन सहित मुनाफा वृद्धि गर्दै जानुपर्ने ।

५. श्री बिनोद सिंह भण्डारी

१. मर्जर तथा एक्विजिसन् सम्बन्धमा हाल सम्म के कस्ता कार्यहरु भएका छन् भन्ने विषयमा चासो व्यक्त ।
२. बैंकले लाभांश वितरण गर्न असक्षम रहेकोमा सोको कारण स्पष्ट पार्न अनुरोध गर्नु भएको ।
३. आगामी आर्थिक बर्षमा धेरै लाभांश पाउने अपेक्षा रहेको ।

६. श्री अमिर दास रंजित

१. काठमाडौंमा साधारण सभा संचालन गरेकोमा खुसी व्यक्त ।
२. बैंकका नवनियुक्त अध्यक्ष डा.उपेन्द्र महतोज्यूलाई बधाई तथा शुभकामना प्रदान ।
३. Capital Redemption Reserve (CRR) बढी भएकोले गर्दा लाभांश वितरणमा असर पारेको धारणा व्यक्त ।
४. अन्य बैंकहरु संग मर्जर तथा एक्विजिसन्को सम्बन्धमा भएका हल्लाहरुको सम्बन्धमा स्पष्ट पार्न अनुरोध ।
५. बैंकलाई उत्तरोत्तर प्रगति गर्न शुभकामना प्रदान ।

७. श्री शिव नाथ रौनियार

१. काठमाडौंमा प्रथम पटक साधारण सभा संचालन गरेकोमा खुसी व्यक्त ।
२. बैंकका नवनियुक्त अध्यक्ष डा.उपेन्द्र महतोज्यूलाई बधाई तथा शुभकामना व्यक्त ।
३. आगामी आर्थिक बर्षमा बैंकको Distributable Profit को अवस्था के कस्तो रहने सम्बन्धमा स्पष्ट पार्न अनुरोधे ।
४. बैंकको software को बारेमा प्रष्ट पार्न आग्रह ।

८. श्री डम्मरु बल्लव घिमिरे

१. राजधानीमा प्रथम पटक साधारण सभा संचालन गरेकोमा धन्यवाद व्यक्त ।
२. आगामी आर्थिक बर्षमा उच्च लाभांश पाउने सम्बन्धमा विश्वस्त रहेको विचार व्यक्त ।
३. बैंकको वार्षिक साधारण सभा अझ अगावै अर्थात दशै आगाडी नै गर्नुपर्ने ।

९. श्री उत्तम पाठक

१. नियामक निकायको अस्थिर नीतिले गर्दा बैंकले लाभांश वितरण गर्न नसकेकोमा दु:ख व्यक्त ।
२. प्रमुख कार्यकारी अधिकृतज्यूको क्षमतालाई कदर गर्दै आर्थिक बर्ष २०७८-२०७९ को प्रगति एंव EPS राम्रो रहेकोमा खुसी व्यक्त ।
३. Capital Adequacy Ratio र CD Ratio लाई राम्रो बनाउन र नियमनकारी निकायलाई राम्रो नीति बनाउन सल्लाह दिनु भएको ।
४. मर्जर तथा एक्विजिसन्ले गर्दा बैंकहरु बिच प्रतिस्पर्धा बढेको, निक्षेपको अवस्था जटिल रहेको, Russia Ukraine war ले अर्थतन्त्रमा असर गरेको, Covid को विभिन्न भेरियेन्टस् आउदै गर्दा बैंकलाई हुन आउने चुर्नातिहरु संग सामना गर्दै अगाडि बढ्न शुभकामना प्रदान ।
५. दशै अगाडि नै साधारण सभा गरेर Bonus Share बाड्न उपयुक्त हुने ।



Machhapuchchhre Bank Ltd. Head Office

६. सम्पूर्ण पब्लिक लिमिटेड कम्पनीहरुले संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगत एउटा Basket Fund बनाउनका लागि सुझाव प्रदान ।
७. वार्षिक साधारण सभा पोखरा र काठमाडौंमा पालो पालो गर्न सके दुवै स्थानमा रहेका शेयरधनीहरुलाई सहज हुने धारण व्यक्त ।
८. बैंकको २५ औं साधारण सभा भव्य रुपमा आयोजना गर्नुपर्ने ।
९. माछापुच्छ्रे बैंकसंग संस्कार, व्यवार मिल्ने बैंकको छनौट गरी मर्जर गर्न उपयुक्त हुने ।

## १०. श्री लवराज जोशी

१. बैंकका नवनियुक्त अध्यक्ष डा.उपेन्द्र महतोज्यूलाई कार्यकाल सफलताको शुभकामना व्यक्त ।
२. बैंकले ग्रामीण क्षेत्रहरुमा शाखा विस्तार तथा सेवा विस्तार गरी ग्रामीण जनताहरुलाई बैंकिङ्ग सेवा प्रदान गरेकोमा धन्यवाद व्यक्त ।
३. बैंकको NPA घटाउन जोड दिनु पर्ने ।
४. बैंक संस्थागत सुशासनमा अब्बल रहेकोमा धन्यवाद व्यक्त ।
५. कर्मचारीहरुले इमान्दारीपूर्वक लगनशिल भई काम गर्दै आएकोमा सोही योगदान, कर्तव्यनिष्ठताले बैंकको गरिमा बढाउने विचार व्यक्त ।
६. Digital Banking मा अझ बढी ध्यान गर्नुपर्ने ।

## ११. श्री कुवेर श्रेष्ठ

१. राजधानीमा प्रथम पटक साधारण सभा संचालन गरेकोमा अध्यक्ष तथा व्यवस्थापनलाई धन्यवाद व्यक्त ।
२. मर्जर अथवा मर्जर पश्चातका योजनाहरु के कस्ता रहेका छन् ।
३. आगामी आर्थिक वर्षमा राम्रो प्रतिफलको रुपमा नगद लाभांश वा बोनस शेयर दिने कुरामा अध्यक्षले प्रतिवद्धता गर्न आग्रह ।

## १२. श्री उद्धव प्रसाद घिमिरे

१. बैंकको सूचाङ्कहरु राम्रो भएकोमा खुसी व्यक्त ।
२. बैंकका पूर्व अध्यक्ष सुर्य बहादुर के.सी.ले बैंकलाई उत्कृष्ट बैंक बनाउन गर्नु भएको योगदानको उच्च प्रशंसा गर्नु भएको ।
३. आगामी आर्थिक वर्षमा १७-१८ प्रतिशत भन्दा बढी लाभांश प्रदान गर्नुपर्ने ।
४. Capital र Reserve बढाउन बैकले ध्यान दिनुपर्ने ।
५. कर्मचारीहरुको वृद्धि विकासमा बैकले ध्यान दिनु पर्ने ।
६. Foreign Currency Transaction तथा Debit Card, Credit Card र LC कारोबार वृद्धितर्फ ध्यान दिनुपर्ने ।

## १३. श्री चन्द्र नारायण श्रेष्ठ

१. बैंकले लाभांश वितरण गर्न नसक्नुको कारण स्पष्ट पार्न आग्रह ।
२. Personal Expenses, Operating Expenses र Depreciation बढेको कुरामा प्रष्ट पार्न आग्रह ।
३. नाफा र तिर्नुपर्ने करको तुलनामा खर्च धेरै बढेको सम्बन्धमा प्रष्ट पार्न आग्रह ।

१४. श्री सुदिप श्रेष्ठ

१. लाभांश नदिएकोमा खल्लो अनुभुति भएको ।
२. आगामी वर्षमा बैंकको के कस्तो योजना रहेको भन्ने विषयमा प्रष्ट पार्न आग्रह ।
३. Pie Chart, Bar Diagram बनाई Financial Indicator बनाउनु पर्ने ।

**सभामा उठेका प्रश्न तथा जिज्ञासाहरुको सम्बन्धमा सभापति ज्यूको अनुमतीले प्रमुख कार्यकारी अधिकृत श्री सन्तोष कोइराला ज्यूले दिनु भएको प्रत्युत्तर :**

शेयरधनी महानुभावहरुले अत्यन्तै रचनात्मक एंव महत्वपूर्ण सुभाव तथा सल्लाह दिनुभएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दै शेयरधनी महानुभावहरु व्यक्त जिज्ञासाहरुको सम्बन्ध निम्न बमोजिम स्पष्ट पार्नुभयो ।

१. यस वर्ष वैंकले लाभांश प्रदान नगरेको शेयरधनीहरुको गुनासो प्रति व्यवस्थापन सजग रहेको छ । अघिल्लो वर्ष भन्दा समिक्षा वर्षमा हामीले रु. ८ करोड ६८ लाख बढि नाफा कमाएका छौं साथै प्रतिकूलताका बावजुद सबै परिसूचकहरु अव्वल छन् रु. १६८ करोड खुद मुनाफा गर्दा साधारण जगेडा कोषमा रु. ३३ करोड ७३ लाख, ऋणपत्र जगेडा कोषमा रु. ४२ करोड ८६ लाख, नियमनकारी कोषमा रु. २८ करोड ८१ लाख, अन्य कोषमा रु. ४ करोड २५ लाख छुट्याइएको र रु. ५९ करोड ७२ लाख अर्को वर्ष लाभांस वितरण गर्न मिल्ने गरी संचित गरिएको छ ।
२. अर्को वर्ष असोज वा कार्तिक महिनामा वार्षिक साधारण सभा सम्पन्न गर्ने सुभावलाई सकारात्मक रुपमा लिई सोको लागि व्यवस्थापनबाट हरसंभव प्रयास गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।
३. अन्तमा यस बर्षको सञ्चित मुनाफा रु. ५९.७२ करोड सहित आगामी बर्ष बैंकले शेयरधनीलाई उचित प्रतिफल दिने प्रतिवद्धता जनाउँदै सबैलाई हार्दिक नमन गरी धन्यबाद ज्ञापन गर्नुभयो ।

## ११. सभाको निर्णय :

**क. सामान्य प्रस्ताव :**

१. प्रस्ताव नं. १ बमोजिम आर्थिक वर्ष २०७८/७९ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल भइसकेकोले सोलाई पारित गरियोस् भनी सभापतीज्यूले निर्णयार्थ राख्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

२. प्रस्ताव नं २ बमोजिम लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड, इक्विटीमा भएको परिवर्तनको विवरण तथा नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरुलाई पारित गरियोस् भनी सभापतीज्यूले प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

३. प्रस्ताव नं ३ बमोजिम यस बैंकको सहायक कम्पनी माछापुच्छ्रे क्यापिटल लिमिटेडको आ.व २०७८/७९ को वित्तीय विवरण सहितको बैंकको एकीकृत वित्तिय विवरण (Consolidated Financial Statement) पारित गरियोस् भनी सभापतीज्यूले राख्नुभएको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

४. प्रस्ताव नं ४ बमोजिम आर्थिक वर्ष २०७९/८० को लागि बैंकको लेखापरीक्षक नियुक्ती र निजको पारिश्रमिक तथा नियुक्तिका शर्तहरु निर्धारण गर्नको लागि कम्पनी ऐन, २०६३ (संसोधन समेत) को दफा १६५ (घ) तथा वैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६१ (ङ) मा भएका व्यवस्थाहरु बमोजिम साधारण सभामा सिफारिस गर्ने प्रयोजनार्थ वैंकमा प्राप्त भएका प्रस्तावहरुको मूल्याङ्कनका आधारमा लेखापरीक्षण समितिबाट सिफारिस भएका तिनवटा लेखापरीक्षण फर्महरु S.A.R. Associates, P.J.P.N. & Company र Sujan Kafle & Associates मध्ये बैंकिङ्ग क्षेत्रमा लेखापरीक्षण गरेको अनुभव, फर्ममा कार्यरत कर्मचारीहरुको संख्या, योग्यता र अनुभव, आफ्नो कार्यक्षेत्रमा हाँसिल गरेको ख्याति, Quote गरेको लेखापरीक्षण शुल्क समेतको आधारमा बहालवाला लेखापरीक्षक S.A.R. Associates उत्कृष्ट देखिएको साथै उक्त फर्म कम्पनी ऐन, २०६३ को दफा



Machhapuchchhre Bank Ltd. Head Office

१११ (३) र ११२ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ (२) र ६४ मा भएको व्यवस्था अनुसार पुनः नियुक्तिको लागि योग्य रहेको हुंदा उक्त फर्मलाई नै आ.व. २०७९/८० को लागि बैंकको लेखापरीक्षण, कर लेखापरीक्षण, Long Form Audit Report (LFAR) तयारी, कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन प्रमाणीकरण, संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन प्रमाणीकरण लगायत बाह्य लेखापरीक्षकले गर्नु पर्ने सम्पूर्ण कार्यहरुको लागि कूल लेखापरीक्षण शुल्क कर बाहेक रु. २०,००,०००/- (अक्षरुपी बीस लाख मात्र) प्रदान गर्ने गरी बैंकको बाह्य लेखापरीक्षकमा नियुक्ती गर्ने प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

५. प्रस्ताव नं ५ बमोजिम सञ्चालक समितिमा संस्थापक शेयरधनीहरुको तर्फबाट नियुक्त हुनु भएका साविक सञ्चालक डा. विरेन्द्र प्रसाद महतोले आफ्नो कार्यव्यस्थताका कारण सञ्चालक पदबाट राजिनामा दिनु भएको हुँदा सञ्चालक समितिले संस्थापक शेयरधनी डा. उपेन्द्र महतोलाई सञ्चालक पदमा नियुक्त गरेको हुँदा सोलाई अनुमोदन गर्न प्रस्तुत प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

६. प्रस्ताव नं ६ बमोजिम संस्थापक शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालकहरुको निर्वाचन गर्ने सम्बन्धमा बैंकको नियमावली तथा सञ्चालक निर्वाचन निर्देशिका अनुसार सभालाई निर्वाचन कार्यक्रमको जानकारी गराउन तथा निर्णयार्थ सभामा पेश गर्न सभापतीज्यूले निर्वाचन अधिकृत श्री गोविन्द कुमार श्रेष्ठलाई अनुरोध गर्नुभयो ।

निर्वाचन अधिकृतज्यूले निर्वाचनमा अपनाइएका प्रक्रिया तथा समय तालिका बारे विस्तृत जानकारी गराँउदै तोकिएको समयावधिमा निम्न ३ (तीन) जना उम्मेदवारहरुले मनोनयन पत्र दाखिला गराउनु भएको जानकारी गराउनु भयो ।

| क्र.सं. | उम्मेदवारहरुको नाम, थर | डिम्याट खाता नम्बर |
|---|---|---|
| १. | डा. उपेन्द्र महतो | १३०१०४००००३४०६८ |
| २. | श्री रोशन के.सी. | १३०१५००००००१४९८५ |
| ३. | श्री हरिभक्त सिग्देल | १३०१६१००००१४१५८५ |

संस्थापक समूहका शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालकहरुको निर्वाचन गर्ने सम्बन्धमा जति पद संख्यामा निर्वाचन हुनु पर्ने हो, त्यति नै संख्याको मात्र उम्मेदवारी परेको हुँदा उल्लेखित ३ (तीन) जना नै उम्मेदवारहरु निर्विरोध निर्वाचित हुनुभएको निर्वाचन अधिकृतले घोषणा गर्नु भएकोमा सोलाई साधारण सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

**ख. विशेष प्रस्ताव :**

१. विशेष प्रस्ताव नं १ बमोजिम माछापुच्छ्रे बैंक लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था(हरु) एक आपसमा गाभ्न/गाभिन (मर्जर गर्न वा प्राप्ती (एक्विजसन) गर्न) तथा बैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कनको लागि मूल्याङ्कनकर्ता नियुक्ती गर्न, गाभ्ने गाभिने वा प्राप्ती गर्ने सम्बन्धी सम्झौता गर्न, बैदेशिक रणनीतिक साझेदारीमा जाने सम्बन्धी निर्णय गर्न तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गरियोस् भनी सभापतीज्यूले राख्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

**ग. बिविध ।**

विविध अन्तर्गत केही विषय नभएकोले कुनै छलफल भएन ।



Machhapuchchhre Bank Ltd. Head Office

## १२. सभापतिज्यूबाट प्रस्तावहरु पारित भएको घोषणा र सभाको विसर्जन :

सभाको अन्त्यमा सभापतिज्यूले यस सभाको सूचनासाथ पठाइएको सम्पूर्ण सामान्य तथा विशेष प्रस्तावहरु सभामा पेश भई विस्तृत छलफल भएको र सम्पूर्ण प्रस्तावहरु सभाबाट सर्वसम्मत्त रुपमा पारित भएको घोषणा गर्नु भयो ।

शेयरधनी महानुभावहरुलाई बैंकले यस बर्ष लाभांस वितरण गर्न नसकेकोमा दु:ख व्यक्त गर्दै अर्को बर्ष कुनै बाध्यात्मक स्थिती नआएमा पक्कै लाभांस वितरण गर्न सकिने बिश्वास दिलाउनु भयो । साथै, बैंकले पारदर्शीता र सुशासनलाई उच्च प्राथमिकतामा राखि नेपाल राष्ट्र बैंक तथा अन्य नियमनकारी निकायको निर्देशनको परिपालना गर्ने साथै मर्जर र एक्विजिसनका संभावनामा पनि अघि बढ्दै यस बैंकलाई अब्बल बैंकको रुपमा अघि बढाउने विश्वास दिलाउनु भयो ।

सभाको अन्त्यमा अध्यक्षज्यूले सभामा सहभागी हुनुभई आफ्नो अमूल्य राय, सल्लाह, सुझावसहितको मन्तव्य व्यक्त गर्नु भई सभालाई सौहाद्रपूर्ण वातावरणमा सम्पन्न गरी दिनु भएकोमा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु, बैंकलाई निरन्तर सहयोग एवं मार्गदर्शन प्रदान गर्ने नेपाल सरकार, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्नु भयो । साथै, बैंकको व्यवस्थापन तथा समस्त कर्मचारी वर्गको लगनशिलता र समर्पित सेवाभावको उच्च प्रशंसा गर्दै आजको यो चौबीसौं वार्षिक साधारण सभाको कार्यक्रम समाप्त भएको घोषणा गर्नु भयो ।

.....................
सुभाष जमरकटेल
कम्पनी सचिव

Machhapuchchhre Bank Ltd.
Head Office

.....................
डा. उपेन्द्र महतो
सभाका सभापति / अध्यक्ष